# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ
## १ नं. प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी भर्ना सम्बन्धि सूचना

**प्रकाशित मितिः२०७७।०७।१९**

यस नगरपालिकाको लागि आवश्यक तपशिलको पदहरुमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको वेभसाईट www.belbarimun.gov.np बाट डाउनलोड गरी वा बेलबारी नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपशिल**

| विज्ञापन नं. | पद/ तह | सेवा/समुह | समावेशी आधारमा पदपूर्ति गर्नु पर्ने जम्मा पद संख्या | परिक्षा दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| ०३/२०७७/०७८ | मेडिकल अधिकृत/अधिकृतस्तर आठौं | स्वास्थ्य सेवा | १ (एक) | १०००।- | |
| ०४/२०७७/०७८ | सामाजिक परिचालक/सहायक चौथो | कार्यकम सहजिकरण | ३(तीन) | ३००।- | |
| ०५/२०७७/०७८ | नगर प्रहरी असिस्टेन्ट सहायक निरिक्षक/ सहायक चौथो | बजार व्यवस्थापन र सुरक्षा | १(एक) | ३००।- | |
| ०६/२०७७/०७८ | रेडियोग्राफर/सहायक पाचौं | स्वास्थ्य/रेडियोग्राफि | १(एक) | ५००।- | |
| ०७/२०७७/०७८ | ह्याभी सवारी चालक/ श्रेणी विहिन | विविध | २(दुई) | ३००।- | |
| ०८/२०७७/०७८ | हलुका सवारी चालक/श्रेणी विहिन | विविध | २(दुई) | २००।- | |
| ०९/२०७७/०७८ | नगर प्रहरी जवान/ श्रेणी विहिन | बजार व्यवस्थापन र सुरक्षा | ४(चार) | २००।- | |
| १०/२०७७/०७८ | अग्नी निरोधक/श्रेणी विहिन | विविध | ६(छ) | २००।- | |
| ११/२०७७/०७८ | कार्यालय सहयोगी/श्रेणी विहिन | विविध | ४(चार) | २००।- | |

**शर्तहरु**

**१. दरखास्त दिने स्थानः** बेलबारी नगर कार्यपालिकाको कार्यालय, बेलबारी, मोरङ ।

**२. दरखास्त बुझाउने मितिः** २०७७।०७।१९ देखि २०७७।०८।०३ गते सम्म कार्यालय समय भित्र दरखास्त फारम बुझाउनु पर्नेछ।

**३.आवश्यक न्यूनतम योग्यताः** तोकिएका पदहरुको आवश्यक न्यूनतम योग्यता बेलबारी नगरपालिकाको वेभसाईट www.belbarimun.gov.np वा यस कार्यालयको सूचनापाटीमा विस्तृत रुपमा हेर्न सकिनेछ ।

| पद/तह | आवश्यक न्यूनतम योग्यता |
|---|---|
| मेडिकल अधिकृत/अधिकृतस्तर आठौं | • फारम बुझाउने अन्तिम मिति सम्ममा २१ वर्ष उमेर पुरा भई ३५ वर्ष वा महिलाको हकमा ४० वर्ष ननाघेको ।<br>• नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट एमविविएस उतिर्ण भएको वा विदेशमा अध्ययन गरेको भए सम्बन्धित निकायबाट समकक्षता निर्धारण भएको प्रमाण ।<br>• नेपाल सरकारको मेडिकल वोर्डबाट परिक्षा उतिर्ण गरेको प्रमाण । |
| सामाजिक परिचालक/सहायक चौथो | • फारम बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष वा महिलाको हकमा ४० वर्ष ननाघेको ।<br>• नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सो सरह उतिर्ण गरेको,<br>• कम्प्यूटर सम्बन्धी Basic Course उतिर्ण गरेको । |
| नगर प्रहरी असिस्टेन्ट | • फारम बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष वा महिलाको हकमा ४० वर्ष ननाघेको । |

| | |
|---|---|
| सहायक निरीक्षक/ सहायक चौथो | • नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट एसएलसी वा सो सरह उत्तिर्ण गरेको । |
| रेडियोग्राफर/सहायक पाचौं | • फारम बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष वा महिलाको हकमा ४० वर्ष ननाघेको ।<br>• नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह (CLDR) वा सो सरहको उतिर्ण भएको । |
| ह्याभी सवारी चालक/श्रेणी विहीन | • फारम बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।<br>• साधारण लेखपढ गरेको शैक्षिक योग्यताको प्रमाणपत्र<br>• ह्याभी सवारी चालक अनुमतिपत्र (नवीकरण भएको)। |
| हलुका सवारी चालक/श्रेणी विहिन | • फारम बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।<br>• साधारण लेखपढ गरेको शैक्षिक योग्यताको प्रमाणपत्र<br>• हलुका सवारी चालक अनुमतिपत्र (नवीकरण भएको)। |
| नगर प्रहरी जवान/श्रेणी विहिन | • फारम बुझाउने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।<br>• नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको । |
| अग्नी निरोधक/श्रेणी विहिन | • फारम बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको पुरुष मात्र ।<br>• नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको । |
| कार्यालय सहयोगी/श्रेणी विहीन | • फारम बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेका र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।<br>• नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको । |

४.आवेदकले माथि तोकिएको आवश्यक न्यूनतम योग्यताका साथ दरखास्त फारमसँगै अनिवार्य समावेश गर्नुपर्ने कागजातहरुः

(क) नेपाली नागरिकताको प्रतिलिपि ।

(ख) हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साईजको फोटो ३ (तिन) प्रति ।

(ग) तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अनुभव वा तालीमको हकमा सो को प्रमाणपत्रको प्रतिलिपि, विदेशमा अध्ययन गरेको भए सम्बन्धित निकायबाट समकक्षता निर्धारण भएको प्रमाण पत्रको प्रतिलिपि (Equivalent Certificate), मेडिकल वोर्डको परिक्षा उतिर्ण भएको प्रमाणपत्र/काउन्सिल दर्ता प्रमाणपत्र (वि.नं.०३/२०७७/०७८ को हकमा), सवारी चालकको हकमा सवारी चालक अनुमति पत्रको प्रतिलिपि ।

(घ) बेलबारी नगरक्षेत्रभित्र स्थायी बसोबास खुल्ने कागजात ।

(ङ) परिक्षा दस्तुर तिरेको रसिद ।

**५. परीक्षाको किसिमः**

**(क) लिखित र अन्तरवार्ताः** वि.नं. ०३, ०४, ०५ र ०६ /२०७७/०७८ को हकमा । वि.नं. ०३ र ०६ को पदको लिखित परिक्षा लोक सेवा आयोगले तोकेको पाठ्यक्रम बमोजिम र वि.नं. ०४ र ०५ को पदको लिखित परिक्षा सामान्यज्ञानको आधारमा वस्तुगत बहुउत्तर प्रणाली हुनेछ ।

**(ख) प्रयोगात्मक र अन्तरवार्ताः** वि.नं. ०७ र ०८/२०७७/०७८ को हकमा प्रयोगात्मक परिक्षामा सफल उमेदवारलाई मात्र अन्तरवार्तामा सहभागी गराईनेछ।

**(ग) शारिरीक तन्दुरुस्ती परिक्षण र अन्तरवार्ताः** वि.नं. ०९ र १०/२०७७/०७८ को हकमा शारिरीक तन्दुरुस्ती परिक्षामा सफल उमेदवारलाई मात्र अन्तरवार्तामा सहभागी गराईनेछ।

**(घ) अन्तरवार्ताः** वि.नं. ११/२०७७/०७८ हकमा ।

**६. सम्पर्क मितिः** बेलबारी नगरकार्यपालिकाको कार्यालयमा दरखास्त बुझाउने अन्तिम दिनको भोलीपल्ट । परिक्षा सम्बन्धी कार्यतालिका सम्पर्क मितिको दिन प्रकाशित गरिनेछ ।

**७. तलब स्केल/सुविधा र करार अवधिः** नगरपालिकाको नियमानुसार करार संझौतामा तोकिए बमोजिम हुनेछ ।

**८. थप जानकारीका लागिः** बेलबारी नगरपालिकाको कार्यालय, मोरङ तथा टेलिफोन नं. ०२१-५४५३४४ मा सम्पर्क राख्न सकिनेछ ।

**९. अन्य थप शर्तहरुः**

(क) शारिरीक तन्दुरुस्ती परिक्षणका उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरि कपाल छोटो काटेको हुनु पर्नेछ (पुरुषको लागि मात्र) ।

(ख) प्रयोगात्मक र शारिरीक तन्दुरुस्ती परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवारी उम्मेदवार स्वयं हुनु पर्नेछ ।

(ग) अन्तरवार्ताको समयमा उपस्थित हुँदा शैक्षिक योग्यता, नागरिकता र आवश्यक कागजात सक्कलै लिई उपस्थित हुनु पर्नेछ ।

(घ) बेलबारी नगरक्षेत्रमा बसोबास भएकोलाई विशेष ग्राहयता दिईनेछ ।

(घ) परिक्षा सम्बन्धी अन्य विषयहरु पदपुर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत